द.नं. २५०, श्रम विभाग काठमाडौं
स्थायी लेखा नं. ३०२४८४२९६ (आयकर छुट प्रमाण-पत्र प्राप्त)

नेपाल अडिटर्स एशोसिएसन (अडान)
Auditors' Association of Nepal
Office of the Central Committee, New Baneshwor, Kathmandu, Nepal

मिति:-२०८१/१०/२८

# प्रेस विज्ञप्ती

**प्रेस नोट,**

**अडान, केन्द्रीय सचिबालयको बाइसौ पूर्ण बैठकले, अडानको सातौ राष्ट्रिय महाधिबेशन २०८२ जेष्ठ १६ र १७ गते काठमाण्डौ उपत्यकामा हुने, जिल्ला तथा प्रदेश अधिबेशनको मिति तोकियो ।**

नेपाल अडिटर्स एशोसिएसन(अडान) को छैटौं राष्ट्रिय महाधिवेशन पछिको बाइसौ सचिबालयको पूर्ण बैठक अध्यक्ष श्री केदार नाथ पौडेलको अध्यक्षतामा संस्थाको कार्यालय नयाँबानेश्वर काठमाण्डौमा बस्यो । बैठकमा संस्थाका निबर्तमान अध्यक्ष एबं सल्लाहकार समितिका संयोजक श्री मोहन राज रेग्मी, पदाधिकारीहरु एबं सचिबालय सदस्यहरुको उपस्थिति रहेको थियो । बैठकमा महासचिब श्री प्रेम बहादुर श्रेष्ठले प्रस्तुत गर्नु भएको सांगठनिक प्रतिबेदन र कोषाध्यक्ष श्री बलराम चौधरीले प्रस्तुत गर्नु भएको आर्थिक प्रतिबेदन माथि ब्यापक छलफल गरी सुझाव सहित पारित गरियो ।

**जिल्ला तथा प्रदेश अधिबेशनको मिति तोकियो**

बैठकले आगामी सातौ राष्ट्रिय महाधिबेशनको तयारीका लागि २०८१ चैत्र १० गते भित्र जिल्ला अधिबेशन र २०८२ बैशाख १० गते भित्र प्रदेश अधिबेशन सम्पन्न गर्न सम्पूर्ण जिल्ला कार्य समिति एबं प्रदेश कार्य समितिलाई समय सिमा तोकेको छ ।

**सातौ राष्ट्रिय महाधिबेशन २०८२ जेष्ठ १६ र १७ गते काठमाण्डौ उपत्यकामा हुने,**

बैठकले आगामी २०८२ जेष्ठ १६ र १७ गते (May 30, 31 2025 AD) काठमाण्डौ उपत्यकामा आयोजना गर्ने गरि सातौ राष्ट्रिय महाधिबेशनको घोषणा गरेको छ । सो का लागि आगामी २०८१ साल चैत्र १५ गते काठमाण्डौमा केन्द्रिय कार्य समितिको बैठक पनि आब्हान गरेको छ । अधिबेशनको तयारीमा जुट्न अडानका सबै केन्द्र, प्रदेश र जिल्लाका जिम्मेवार पदाधिकारी तथा सदस्यहरुलाई हार्दिक आब्हान गर्ने निर्णय समेत गरेको छ ।

**(डा.डि.पि दाहाल)**
प्रथम उपाध्यक्ष एवं
संयोजक, प्रचार प्रसार विभाग

Auditors' Association of Nepal
audan
Regd. No.:139/2063
Office of the Central Committee, Kathmandu